बैठक संख्या: २०८२/८३-५

आज मिति २०८२/०८/१० गते बुधबारको दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो ।

उपस्थिति:

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर बस्नेत | उपाध्यक्ष | |
| ३ | श्री दिपेन्द्र कंडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज वोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

अन्य उपस्थिति:

१. श्री घनश्याम दाहाल — पशु चिकित्सक

२. श्री भिमलाल भण्डारी — सुचना प्रविधि अधिकृत सातौं तह

३. श्री हिमा कुमारी रेउले — कार्यालय सहयोगी

Scanned with CamScanner

सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
च न.

मिति २०८२/०८/१० गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डाः

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. बजेट सुनिश्चितता सम्वन्धमा ।
३. दररेट कायम गर्ने सम्वन्धमा ।
४. गापा अनुदान शिक्षक व्यवस्थापन सम्वन्धमा ।
५. सुनौला १००० दिनका सुत्केरी आमाहरुका लागि आयआर्जन कार्यक्रम संचालन सम्वन्धमा ।
६. सम्झौता रद्ध गर्ने सम्वन्धमा ।
७. सहयोग सम्वन्धमा ।
८. आर्थिक सहायता सम्वन्धमा ।
९. चमेनागृहको सूचना संशोधन सम्वन्धमा ।
१०. कर्मचारी पदपूर्ति सम्वन्धमा ।
११. विविध सम्वन्धमा ।

Scanned with CamScanner
Scanned with CamScanner

प्रस्ताव नं १: अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा ।

**निर्णय नं १:**

यस अघि मिति २०८२/०६/२३ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

प्रस्ताव नं २: बजेट सुनिश्चितता सम्वन्धमा ।

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाको आव २०८२/८३ को वार्षिक स्वीकृत वजेट तथा कार्यक्रम अनुसार बिनियोजन भएका तपशिल वमोजिमका योजनाहरुमा विनियोजित रकम योजना कार्यान्वयन गर्दा लागत अनुमान बढी देखिन आएको हुदाँ आगामी १८ औं गाउँसभावाट अनुमोदन हुनेगरी देहाय वमोजिम वजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | बिनियोजित बजेट | लागत अनुमान | थप्नुपर्ने वजेट | कै. |
|---|---|---|---|---|---|
| १ | वडा नं १ को प्रशासनिक भवन निर्माण योजना | १,००,००,००० | १,११,७३,६३०.४० | ११,७३,६३०.४० | |
| २ | नौधारी माझको सिचाई कुलो निर्माण योजना | २०,००,००० | २४,४५,३६२.८९ | ४,४५,३६२.८९ | |

प्रस्ताव नं ३: दररेट कायम गर्ने सम्बन्धमा ।

**निर्णय नं ३:**

सिद्ध कुमाख मिति २०८२ असोज ७ गतेको स्टेशनरी सामग्री खरिदको सूचना वमोजिम प्राप्त हुन आएका ५ वटा आपूर्तिकर्ताहरुको प्रस्तावलाई मूल्यांकन समितिले औपत मूल्यका आधारमा मूल्यांकन गर्दा हुन आएको दररेटलाई आर्थिक वर्ष २०८२/८३ को लागि मसलन्द सामग्रीको दररेट कायम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४: गापा अनुदान शिक्षक व्यवस्थापन सम्वन्धमा ।

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको वडा नं ५ अन्तर्गत श्री हिमालय आधारभूत विद्यालय माझखर्कमा रिक्त रहेको निम्न माध्यमिक तह (सामाजिक) गापा अनुदान कोटामा सो विद्यालयबाट शिक्षक माग भइ आएको हुदाँ वक्षा नं ४ अन्तर्गत श्री शान्ति सुन्दर माध्यमिक विद्यालय खार्वनमा कार्यरत शिक्षक श्री इन्द्रा कुमारी रेउलेले घरपायक पर्नेगरी काज सरुवा गर्ने र गापा अनुदान शिक्षक पदको प्रतिक्षा सूचि नं २ मा रहेका वागचौर ४ सल्यान निवासी श्री टिकाराम वलीलाई श्री शान्ति सुन्दर माध्यमिक विद्यालयमा समान तह र विषयमा नियुक्ति तथा पदस्थापना गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

प्रस्ताव नं ५.सुनौला १००० दिनका सुत्केरी आमाहरुका लागि आयआर्जन कार्यक्रम संचालन सम्वन्धमा ।

**निर्णय नं ५:**

आव २०८२/८३ मा सुनौला १००० दिनका सुत्केरी आमाहरुका लागि आयआर्जन कार्यक्रम संचालन गर्नको लागि अघिल्लो आवमा संचालन गरिएको यहि कार्यक्रमको प्रभावकारिता र उपदेयता अनुगमन गरी प्रतिवेदनको आधारमा कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६.सम्झौता रद्ध गर्ने सम्वन्धमा ।

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिका र टेकमाइण्डस् नेटवर्क लिमिटेड विच इन्टरनेट सेवा संचालन सम्वन्धि मिति २०८२ भाद्र १९ गते भएको सम्झौता बमोजिम इन्टरनेट सेवा सूचारु हुन नसकेको भनि फोनमार्फत पटक पटक गुनासो गर्दा पनि अपेक्षित सुधार हुन नसकेको हुदाँ अन्तिमपटक लिखित रुपमै १० दिनको म्याद दिई सेवा सुधार गर्न अप्टिकल फाइवर पुर्याई नियमित सेवा सूचार गर्नको लागि पत्रलेखि पठाउने र उक्त समयसिमाभित्र काम गर्न नसकेमा पुर्ण रुपमा सम्झौता रद्ध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ७.सहयोग सम्वन्धमा ।

**निर्णय नं ७:**

वडादशै २०८१ को अवसरमा सिद्ध कुमाख ३ ढोरचौरमा रहेको ढोरचौर प्रहरीचौकीमा मौलो पुजा गर्दा लागेको खर्च रु १५ हजार विल भरपाइको आधारमा सुरक्षा निकायलाई इन्धन मर्मत तथा अन्य सहायता शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं ८. आर्थिक सहायता सम्वन्धमा ।

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १. | ग्वामी रोका | सिद्ध कुमाख ४ सल्यान | छोरा भिरबाट लडेर मृत्यू भएको हुदा काजक्रिया खर्च | रु १०००० |

Scanned with CamScanner

Scanned with CamScanner

## प्रस्ताव नं ९. चमेनागृहको सूचना संशोधन सम्वन्धमा ।

**निर्णय नं ९:**

मिति २०८२/०७/१४ गते गाउँपालिकाको शिलवन्दी दरभाउपत्र पेश गर्ने सम्वन्धि सूचना बमोजिम गाउँपालिका परिसरमा चमेनागृह(क्यान्टीन) गर्न इच्छुक व्यवसायिलाई आह्वान गरिएकोमा कुनै पनि प्रस्ताव पेश नभएको हुदाँ उक्त सूचनामा देहायबमोजिम संशोधन गरी पुनः सूचना आह्वान गर्ने निर्णय गरियो ।

क. चमेनागृह संचालन गर्नको लागि मासिक भाडा रु ४ हजार तोकिएकोमा रु ३ हजार कायम गर्ने ।

ख. प्रस्तावकर्ताले रु ४० हजार धरौटी राखुपर्ने तोकिएकोमा रु २० हजार कायम गर्ने ।

## प्रस्ताव नं १०. कर्मचारी पदपूर्ति सम्वन्धमा ।

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको रिक्त रहेको हलुका सवारी चालक पदको करार सेवाबाट पदपूर्ति गर्नको लागि विज्ञापन आह्वान गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं ११. विविध सम्वन्धमा ।

**निर्णय नं ११:**

क. सिद्ध कुमाख गाउँपालिका वडा नं ३ का वडा सदस्य श्री भिम बहादुर रेउले घरायसी कामकाजले केही समय जिल्ला वाहिर रहेको र हाल कार्यस्थलमा फर्किइ जनताको सेवामा निरन्तर खटिरहेकोले आव २०८२/८३ मा रोकिएको सेवासुविधा भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner